# कृषि यन्त्र उपकरण आपूर्तिकोलागि शिलबन्दी दरभाउ प्रस्ताब पेशगर्ने बारेको सूचना !

यस परियोजना कार्यान्वयन एकाईले आफ्नो कार्यक्षेत्र भित्र देहायका कृषि औजार आपूर्ति गर्नको लागि मिति २०७९/१०/१९ देखि २०७९/११/१९ सम्मको १ महिने शिलबन्दी दरभाउ प्रस्ताब रितपुर्वक पेशगर्नका लागि सम्बन्धित सबैमा यो सार्वजनिक सूचना जारी गर्दछ।

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन इकाई

चौतारा, सिन्धुपाल्चोक

# कृषि औजार उपकरण आपूर्तिका लागि शिलबन्दी दरभाउ प्रस्ताव आह्वान सम्बन्धी सूचना !

(प्रथम पटक प्रकाशित मितिः २०७९/१०/१९)

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, चौतारा, सिन्धुपाल्चोकको आ.ब. २०७९/८० को स्वीकृत कार्यक्रम अनुसार जोन र सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग कार्यक्रम अन्तरगत कृषि औजार उपकरण खरिदमा अनुदान सहयोग कार्यक्रम सञ्चालन गर्न यस आयोजनाको कमाण्ड क्षेत्र भित्रका कृषकहरुको माग अनुसार कृषि औजार उपकरणमा ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने प्रावधान वमोजिम तपसिल अनुसारका कृषि औजार उपकरणहरु के कति दरभाउमा आपूर्ति गराउन सक्ने हो ? सो सम्बन्धी दरभाउ प्रस्ताव पेश गर्न इजाजत प्राप्त कृषि औजार उपकरण उत्पादक/आपुर्तिकर्ता/फर्महरुका लागि यो सूचना प्रकाशित गरिएको छ । प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली र अन्य सम्बन्धित कार्यविधि तथा कानूनको परिधिभित्र रही तपशील अनुसारका कृषि यन्त्रहरुको आपूर्ति गर्न इच्छुक आपुर्तिकर्ताहरुले यो सूचना तथा दरभाउ प्रस्ताव फारममा उल्लेखित शर्तका अधिनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २०७९ फागुन १९ गते शुक्रबार १२:०० बजेभित्र र उक्त दिन सार्वजनिक बिदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन यस आयोजनाको कार्यालयमा हुलाक वा कुरियरबाट वा स्वयम् आफैं उपस्थित भै शिलबन्दी दरभाउ प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । समयभित्र रितपूर्वक पेश नभएका दरभाउ प्रस्ताव कार्वाहीमा सामावेश हुनेछैन ।

### उपलब्ध गराउनुपर्ने कृषि यन्त्रको विवरणः

| S.n. | Particulars | S.n. | Particulars | S.n. | Particulars |
|---|---|---|---|---|---|
| 1. | Mini Tiller | 7. | Ridger | 13. | Flour Mill |
| 2 | Power Tiller | 8. | Pallet Machine (500kg) | 14. | Chaff cutter (Manual and Electrical) |
| 3. | Combine Disc Mill | 9. | Pallet Machine (50kg) | 15. | Multifuctional Tiller |
| 4. | Paddy Thresher | 10. | Hammer Mill | 16. | Push row type Maize Planter |
| 5. | Multicrop Thresher | 11. | Vaccum Suction Type Disc Mill | 17. | Corn Seller/Maize Dehusker |
| 6. | Sprayer (Battery and Power Sprayer) | 12. | Power Weeder | | |

### आवश्यक शर्त तथा पेशगर्नुपर्ने कागजातहरुः

१. दरभाउ प्रस्ताव पेशगर्दा रु.१० को टिकट टाँसगरी निवेदन साथ आ.व. २०७८/७९ को करचुक्ता प्रमाण-पत्र, फर्मदर्ता प्रमाण-पत्र, फर्मको ब्यवसाय इजाजत पत्र, मू.अ.कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी पेश गर्नुपर्नेछ ।

२. प्रस्ताव तोकिएको फारममा यन्त्र उपकरणको स्पेशिफिकेसन समेत खुलाई नेपाली रुपैयामा प्रति इकाई मूल्य दर अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ । प्रस्ताव नेपाली वा अंग्रेजी भाषामा पेशगर्न सकिनेछ । दरभाउ प्रस्ताव फाराम यस आयोजनामा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

३. दरभाउ प्रस्ताव फाराम रु. १०००।- नगद बुझाई (फिर्ता नहुने गरी) वा नेपाल बैंक लि. स्थित राजस्व खाता नम्बर ००१०१००००००००१००१००१ मा कार्यालय कोड नम्बर ३१२००२७०२ मा राजस्व शिर्षक नं. १४२२९ मा सो बराबरको राजस्व रकम बुझाएको सक्कल बैंक भौचर पेशगरी यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

४. प्रस्तावसाथ आधिकारिक बिक्रेता तथा एजेन्ट (Authorized Agent)/डिलरसिप रहेको प्रमाणपत्र पेशगर्नु पर्नेछ ।

५. कृषि औजार उपकरणहरुको Specification, ब्राण्ड, मोडल, उत्पादक कम्पनी र देश खुल्ने Catalogue, Leaflet वा Brochure अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

६. प्रस्तावदाताले यस आयोजनाको कार्यक्षेत्रमा सामाग्री उपलब्ध गराउने डिलर/विक्रेताको नाम, ठेगाना तथा यस आ.ब. भित्र उपलब्ध गराउन सक्ने सामाग्रीको परिमाण/स्टक संख्या खुलाउनु पर्नेछ ।

७. पेश भएका प्रस्तावहरु यो सुचना प्रथम पटक प्रकाशित भएका मितिले ३० औ दिनको दिउसो २:०० बजे यस कार्यालयमा प्रस्तावदाता प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । तर प्रस्तावदाता प्रतिनिधिहरु उपस्थित नभए पनि प्रस्ताव खोल्न कुनै बाधा पर्नेछैन ।

८. यो सूचना वमोजिम उपलब्ध गराउने उपकरणहरुको कूल मूल्य रकमको ३% रकम बैंक ग्यारेन्टी वा सो वरावरको रकम नगद धरौटी नेपाल सरकारको एकल धरौटी खातामा जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्नेछ । उक्त बैंक ग्यारेन्टी रकम नगद धरौटी खातामा ०५६०१०००००२००३००००००१ जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्नेछ । उक्त बैंक ग्यारेटी रकमको म्याद २०८० बैशाख ५ सम्म हुनुपर्नेछ ।

९. प्रचलित कानुन र शर्त अनुसार प्रस्ताव आशिंक वा पूर्णरुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस आयोजनामा रहनेछ ।

१०. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

११. थप जानकारीको लागि आयोजनाको वेवसाइट https://piusindhupalchowk.pmamp.gov.np वा Email: pmamp.piu.sindhupalchok@gmail.com वा यस आयोजना कार्यालयको सम्पर्क नं. ०११-६२०१२५,६२०३७०, ९८५१२००१२५ मा सम्पर्क गर्न सकिनेछ ।

भिजन सिन्धु प्रा.लि.का लागि सीतादेवी श्रेष्ठद्वारा प्रकाशित । अध्यक्षः सुरेश कसजू। सल्लाहकार सम्पादकः डम्बर रसिक भारती
सम्वाददाताः केशवप्रसाद अधिकारी, मेलम्ची प्रतिनिधिः असीम भारती । डिजाईन : शब्दालय पब्लिकेशन, ९८५१०९०४११, shabdalaya@g
कार्यालयः चौतारा- ५, प्रेसचोक, सिन्धुपाल्चोक, नेपाल । फोनः ०११-६२००७१, ९८५१११३५४० । इमेलः kasajusuresh@gmail.com, daily